**हरिवन नगरपालिकाका नगर प्रमुख श्री रमेश बुढाथोकीज्यूले सातौं नगर सभामा प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम र बजेट**

**नगर उपप्रमुखज्यू,**

**नगर कार्यपालिकाका सदस्यज्यूहरू**

**सम्पूर्ण नगर सभा सदस्यज्यूहरू,**

**प्रमुख प्रशासकीय अधिकृतज्यू तथा कर्मचारीहरू र नगर सभामा उपस्थित अन्य महानुभावहरू ।**

१ लोकतन्त्रको आधारभूत मुल्य मान्यताको सम्मान, मानव अधिकारको संरक्षण र सुशासन कायम गर्नका लागि देशले लिएको समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रीय आकांङ्क्षालाई अत्मासात गर्दै हरिवन नगरपालिकाको दीर्घकालिन सोच पुरा गर्ने तर्फ प्रतिवद्ध रहि यस नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को नीति तथा कार्यक्रम यस गरिमामय नगर सभाको बैठकमा प्रस्तुत गर्दैछु । यस अवसरमा म नेपालमा नागरिक सर्वोच्चता र लोकतन्त्रको स्थापना तथा मुलुकको समृद्धि र अग्रगमनका लागि इतिहासको विभिन्न कालखण्डमा भएका राजनीतिक क्रान्ति, जनयुद्ध, जनआन्दोलन र मधेश आन्दोलन लगायतका बलिदानीपूर्ण संघर्षमा आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

२ हरिवन नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा हाम्रो भुगोल, सामाजिक पृष्ठभूमि, विकास प्रतिको धारणा र सँस्कृति, कानुनी व्यवस्था आदिका कारण जनअपेक्षा र हाम्रो आफ्नै चाहना समेत नीति तथा कार्यक्रममा सम्पूर्ण रुपमा समावेश गराउने प्रयत्न पूर्ण नहुन सक्छ । यद्यपी, हाम्रो संरचनागत, कानुनी र आर्थिक अवस्थाका आधारमा हरिवन नगरपालिकाका वडा समितिहरु, विषयगत समितिहरु, बजेट तथा योजना तर्जुमा समितिको परामर्श समेतको आधारमा नगरपालिकाको नीति तथा कार्यक्रम यस सम्मानित सभामा पेश गर्ने अनुमति चाहन्छु ।

३ संविधान र संघीयताको प्रभावकारी कार्यान्वयन, सार्वजनिक खर्चमा मितव्ययिता, पूँजिगत खर्च वृद्धि, गुणस्तरिय पूर्वाधार निर्माण, शासकिय व्यवस्था र सेवा प्रवाहमा सुधार, भ्रष्टाचार नियन्त्रण, उत्पादन र रोजगारी वृद्धि, आर्थिक सामाजिक विभेदको अन्त्य, गरिवी निवारण, समावेशी विकाश, शान्ति प्रक्रियाको तार्किक निष्कर्ष प्रमुख नीतिगत प्राथमिकता हुनेछन् । वार्षिक नीति, कार्यक्रम तथा बजेट यिनै प्राथमिकतामा परिलक्षित हुनेछन् ।

४ पूर्व पश्चिम हाइवे महेन्द्र राजमार्गसंग जोडिएको चुरे नजिक रहि पर्यटन, व्यापार र कृषिको प्रचुर संभावना बोकेको यो सुन्दर नगरीको श्रोत र साधनको सुव्यवस्थित उपयोगले समाजमा समृद्धि र जीवनमा सकारात्मक परिवर्तन ल्याउने गरी नीति तथा कार्यक्रम तय गर्न नगरसभा सफल हुने विश्वास लिएको छु ।

५ यस नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्दा नेपाल सरकारले विश्व सामु सन् २०३० सम्ममा पुरा गर्ने गरी प्रतिवद्धता जाहेर गरेका १७ वटा दिगो विकाशका लक्ष्यसंग सामञ्जस्य हुने गरि कार्यक्रमहरुको तर्जुमा गरिएको नगरसभा समक्ष अवगत गराउन चाहन्छु ।

**नगरसभा सदस्यज्यूहरु**

अब म यस नगरपालिकाले आ. व. २०८०/०८१ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिएका आधारहरु प्रस्तुत गर्दछु ।

६ नेपालको संविधानका प्रस्तावना, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु, संघीय सरकारका आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु, संघीय सरकारले अवलम्वन गरेका आर्थिक तथा वित्तीय नीतिहरु, प्रदेश सरकारले लिएका आर्थिक एंव वित्तीय नीतिहरु, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले निर्दिष्ट गरेको वार्षिक योजना तथा बजेट तर्जुमाका आधारहरु, स्थानीय आर्थिक कार्य प्रणाली एंवम एकल तथा साझा अधिकार सूची, स्थानीय तहको आवधिक योजनाले तय गरेका प्राथमिकताहरु, नेपालले अन्तर्राष्टीय जगतमा जनाएका विभिन्न प्रतिवद्धताहरु यस नीति तथा कार्यक्रमका आधारहरु हुन् । त्यसैगरी नगरको आवधिक योजना तथा मध्यमकालिन खर्च संरचना, २०७९, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य ऐन, नियमावलीका प्रावधानहरु, स्थानीय तहका क्षेत्रगत नीति, पन्ध्रौ पञ्चवर्षिय योजना, नगरपालिकाको एकिकृत नगर विकास योजना, रणनीतिहरु, योजना तथा अध्ययन प्रतिवेदनहरु विकासका समसामयिक मुद्धाहरु, दिगो विकासका लक्ष्यहरु, जलवायु परिवर्तन र विपद् व्यवस्थापन, खाध तथा पोषण सुरक्षा, लैंगिक सशक्तीकरण तथा समावेशी विकास, बाल मैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, उर्जा संकटको व्यवस्थापन लगायतका दस्तावेजहरुलाई मध्यनजर गरिएको छ । यसका अतिरिक्त निर्वाचनको क्रममा हामीले जारी गरेका निर्वाचन घोषणापत्र तथा प्रतिवद्धताहरु, विगतका नीति, कार्यक्रम तथा योजनाहरु, विभिन्न राजनीतिक दलहरु, संघ संस्था प्रतिनिधिहरु, नगरवासी सम्पूर्ण दाजुभाई तथा दिदीवहिनीहरु एंवम सञ्चार माध्यम, वौद्धिक वर्ग लगायतका निजी क्षेत्रको सुझाव तथा समय समयमा गरिएका सार्वजनिक वचनवद्धताहरुलाई नीति निर्माणको आधारको रुपमा लिएको छु ।

**आदरणीय सभाका सदस्य ज्यूहरू**

अब म नगरपालिकाले लिएको विषयगत क्षेत्रगतको नीतिहरु बुँदागत रुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**(क) स्वास्थ्य सेवा तथा विपद् व्यवस्थापन**

१ **"स्वस्थ शहर हरिवनको बहारः जनताको घरदैलोमा गुणस्तरीय स्वास्थ्य उपचार"** भन्ने मुल नाराका साथ नसर्ने रोगको प्रकोप नियन्त्रण गर्न एन. सी. डी. कार्यक्रम मार्फत दीर्घरोगीहरुलाई घरघरमा औषधी पुर्याउने तथा स्वास्थ्य परिक्षण व्यवस्थापन गरिनेछ ।

२ स्वास्थ्य सूचना केन्द्रलाई अझ बढी प्रभावकारी बनाई स्वास्थ्य सूचनामा जनताको पहुँच विस्तार गर्न **"ड्यासबोर्ड कार्यक्रम"** सफलतापूर्वक सञ्चालन गरिनेछ ।

३ आत्महत्या नियन्त्रणका लागि मानसिक तथा मनोसामाजिक नीति अनुरुप उपचारको अभियानको कार्यक्रमलाई तिव्रता दिइनेछ ।

४ गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गरिनेछ । सासापुर स्वास्थ्य चौकीमा टेलीमेडिसिन सेन्टरको स्थापना गरिनेछ । अशक्त, असहाय र जेष्ठ नागरिकलाई घरदैलो आधारभूत स्वास्थ्य सेवा प्रदान गरिनेछ । सुत्केरी महिलाको लागि नि:शुल्क एम्बुलेन्सको सेवालाई निरन्तरता दिइनेछ ।

५ **रोग विरुद्धको चेतना व्यक्ती व्यक्तीमा, रोगको उपचार वस्ती वस्तीमा** अन्तर्गत वडा तथा बस्तीस्तरमा महिला स्वयम् सेविकाको नेतृत्वमा गठित सामुदायिक स्वास्थ्य समन्वय समितिलाई तालिम प्रदान गरि स्वास्थ्य सेवामा संलग्नता अभिवृद्धि गरिनेछ ।

६ आगामी आर्थिक वर्षभित्रमा सुविधा सम्पन्न अस्पताल भवनको निर्माण सम्पन्न गरि विषेषज्ञ सेवा, एक्सरे, प्रयोगशाला र ईसिजी को सुविधा सहित सासापुर स्वास्थ्य चौकीमा इमर्जेन्सी सेवा सहितको १५ बेडको अस्पताल सञ्चालन गरिने छ ।

७ बहुक्षेत्रीय पोषण कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन गरि **पोषणमैत्री शासन युक्त नगर** तथा **क्षयरोग मुक्त नगरपालिका** घोषणा अभियानलाई तीव्रता दिइनेछ ।

८ एक वडा एक आधारभूत स्वास्थ्य सेवा केद्रलाई सुदृढ र व्यवस्थित गरिने छ ।

९ सबै वडालाई सुरक्षित मातृत्व कार्यक्रम अन्तर्गत जिरो होम डेलिभरी वडाको रूपमा घोषणा गरिने छ ।

१० लागु औषध दुर्व्यसनको नियन्त्रण, न्यूनीकरण र पुनर्स्थापना गर्न युवालक्षित कार्यक्रमलाई निरन्तरता दिइने छ ।

११ स्वस्थ र फुर्तिलो जीवन शैलीको लागि **एक वडा एक योग तथा ब्यायाम केन्द्रको** विकास गर्ने नीति अवलम्बन गरी योग प्रशिक्षण कार्यमा स्वयंसेवी युवा परिचालन गर्ने नीतिलाई निरन्तरता दिइने छ।

१२ किशोर किशोरी प्रजनन स्वास्थ्य र परिवार योजना सेवालाई व्यवस्थित तरिकाले सञ्चालन गरिने छ।

१३ निःशुल्क आधारभुत स्वास्थ्य सेवामा आम नगरबासीको सुलभ र सरल पहुँचको व्यवस्थामा थप सुधार गर्न अत्यावश्यकीय औषधी तथा उपकरणको अभाव हुन नदिने व्यवस्था मिलाइनेछ।

१४ नगरलाई जिरो होम डेलीभरी नगरपालिका घोषणाका लागि स्वास्थ्य संस्थामा सुत्केरी हुने दुई सन्तानसम्मका सुत्केरी महिलालाई रु. ४०००/- सुत्केरी खर्च प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१५ महिलाहरुको प्रजनन स्वास्थ्य तथा पाठेघरको क्यान्सर सम्वन्धी विशेष कार्यक्रम सञ्चालन गरिने छ।

१६ छिटो छरितो बारुणयन्त्र सेवा उपलब्ध गराउन नगर प्रहरीलाई अग्नि नियन्त्रण सम्बन्धी तालिम प्रदान गरी चौबिसै घन्टा तयारी अवस्थामा राखिने छ। साथै खर्च व्यवस्थापनको लागि अन्तर पालिकासंग समन्वय र संझौता गरि सेवा उपलव्ध गराईनेछ।

१७ एक विद्यालय एक नर्स कार्यक्रमलाई आवश्यकता अनुसार विस्तार गर्दै लगिनेछ।

१८ साठी वर्ष वा सोभन्दा माथि उमेर पुगेका स्वास्थ्य स्वयं सेविकाहरूलाई सम्मान सहित बिदाइ र स्वास्थ्य स्वयंसेविकाहरूलाई दिइँदै आएको प्रोत्साहन भत्तालाई निरन्तरता दिइने छ।

१९ नेपाल सरकारले तोकेको नि:शुल्क औषधीको सुची भन्दा बाहेकका औषधीहरु सर्वसुलभ मुल्यमा उपलब्ध गराउन स:शुल्क फार्मेसी सञ्चालन गरिने छ।

२० बालबालिकाहरूको खोप पाउने अधिकारलाई सुनिश्चित गर्न नगरस्तरीय कोल्ड चेन व्यवस्थापनको लागि सासापुर स्वास्थ्य चौकीलाई सुदृढ तुल्याइने छ। विभिन्न वडाभित्र रहेका खोप केन्द्रको भौतिक पूर्वाधार सुनिश्चित गरि नगरमा पूर्ण खोपको सुनिश्चितता गरिने छ।

२१ सासापुर अस्पतालमा सुरु गरिएको रेबिज भ्याक्सिनेसन कार्यलाई थप व्यवस्थित गरिने छ। सर्पदंशको उपचार सेवा उपलब्ध गराउन आवश्यक पहल गरिने छ।

२२ नगर प्रमुख जेष्ठ नागरिक घरदैलो स्वास्थ्य सेवा कार्यक्रम र उपप्रमुख महिला प्रजनन स्वास्थ्य प्रवर्द्धन कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी ढंगबाट संचालन गरिनेछ।

२३ विभिन्न सङ्घ संस्था तथा मेडिकल कलेज समेतको सहयोग र सहकार्यमा मानसिक स्वास्थ्य शिविर, आँखा शिविर, महिला तथा प्रजनन स्वास्थ्य शिविर लगायत विभिन्न विशेषज्ञ स्वास्थ्य सेवाहरुको शिविर सञ्चालनलाई निरन्तरता दिइने छ।

२४ नागरिकहरुको रोग प्रतिरोधी क्षमता अभिवृद्धिका लागि परम्परागत तथा आयुर्वेदीक चिकित्सा पद्धतीको प्रवर्धन गरिनेछ

२५ हरिवन वडा नं ८ को स्वास्थ्य चौकीमा आधुनिक ल्याव एक्सरे सेवा सहितको बर्थिङ्ग सेन्टर सञ्चालन गरिनेछ।

२६ पुर्ण खोपयुक्त पालिका घोषणाका लागि विभिन्न सेवाहरु प्रदान गर्दा खोप तथा पोषण बाल स्वास्थ्य कार्डलाई अनिवार्य गरिने छ।

२७ विपद् मा परेका नागरिकलाई घटनास्थलमै राहत उपलब्ध गराउने व्यवस्था मिलाइने छ।

२८ विपद पूर्व तयारी, जोखिम आंकलन, जोखिम पूर्व चेतावनी, विपद् प्रतिकार्यको तयारी तथा विपद् न्यूनिकरण र पुनर्लाभिका क्रियाकलापहरु समन्वयात्मक ढंगबाट सञ्चालन गरिनेछ।

२९ विपद्को समयमा पहिचान तथा न्यूनिकरण गर्न विपद् प्रतिकार्य योजना निर्माण गरिने छ।

३० पूर्वाधार विकासका लागि आवश्यक पर्ने नदीजन्य ढुंगा, गिट्टी, बालुवा जस्ता वस्तुहरुको अनियन्त्रीत दोहन रोक्न, जथाभावी उत्खननबाट नदी किनारका भौतिक संरचना तथा मानवबस्तीमा परेको जोखिम न्यूनिकरण गर्न तथा उक्त पदार्थहरुको दिगो, नियमित र सहज आपूर्ति सुनिश्चित गर्न एंवम लाभको समन्यायिक बाँडफाँड उपयोग र संरक्षणमा जोड दिइनेछ।

३१ नगर स्तरिय विपद् व्यवस्थापन केन्द्र स्थापना गरि विपद् उद्धार तथा राहत सामाग्री, दक्ष जनशक्ति तथा भरपर्दो सूचना प्रणालीको व्यवस्था मिलाइने छ।

३२ प्रत्येक वर्ष हुने वर्षातको समयमा पानीको निकासको कारणले सडक तथा खेती योग्य जमिनहरु क्षति हुने भएकोले पानीको निकासको लागि नाला निर्माण गर्न संघ तथा प्रदेश सरकारसंग समन्वय गरी बजेटको व्यवस्था गरिने छ।

**(ख) कृषि तथा पशुपालनमा आधुनिकीकरण रोजगारी बृद्धी तथा गरिबी निवारण**

**“हरिवनको समृद्धि उत्पादनमा वृद्धि”**

आदरणीय यस गरिमामय सभाका सदस्यज्यू हरू

१. कृषि यान्त्रिकरण, बीउ, प्रविधि तथा प्रशोधन एंवम् भण्डारणमा अनुदानको व्यवस्थापन गरी कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने नीति लिइने छ । साथै नगरको केहि स्थानमा फलफुल तथा तरकारी थोक विक्री केन्द्रको स्थापना गरी उत्पादनमा आधारित अनुदानको व्यवस्था गरिनेछ ।

२. कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्धि गरि क्रमश: आत्मनिर्भरता हासिल गरिने छ । सामुहिक तथा करार खेतीलाई प्रोत्साहन गर्दै उत्पादित बस्तुको बजारीकरण गरिनेछ । प्राङ्गारिक तथा जैविक मलको उत्पादन र उपयोगलाई प्रोत्साहित गरिनेछ ।

३. सुविधा सम्पन्न शितभण्डारको निर्माण गर्न संघीय र प्रदेश सरकारसंग समन्वय गरी बजेट व्यवस्था गरिने छ ।

४. उपयोगमा नआएका तथा बाँझो जमिनमा कृषि खेती प्रवर्द्धन गर्न युवालक्षित सहकारी तथा सामुदायिक खेती प्रणालीलाई प्रोत्साहित गरिनेछ । कृषि उत्पादन बृद्धि गर्न भुमिको चक्लाबन्दीलाई प्रोत्साहित गरिनेछ ।

५. नदी उकास जग्गामा भूमिहिन विपन्नलाई लक्षित गरि जग्गा, बिउ, प्रविधी तथा कृषि प्रसार सेवा उपलव्ध गराई तरकारी तथा फलफुल उत्पादनमा बृद्धि गरिनेछ । डिजीटल स्वाइल म्यापिङ्ग कार्यलाई थप प्रभावकारी गराइनेछ ।

६. अर्गानिक कृषि उत्पादनलाई प्रोत्साहन गर्न कृषि बस्तुको प्रमाणीकरण र ब्राण्डिङ्ग गरी बजारीकरण गरिनेछ । साथै फलफुल, तरकारी, मासु, अण्डा, दुध, उखु, ड्रागनफ्रुट लगायतको खेतीलाई प्रोत्साहन गरी नगरलाई आत्मनिर्भर बनाउने नीति लिइनेछ ।

७. नगर क्षेत्रभित्र उत्पादन हुने प्रमुख अन्न बाली तथा तरकारीको बीउको श्रोत केन्द्र विकास गरिने छ । पोषणलाई मध्यनजर गरि प्रमुख रैथाने बालीहरुको संरक्षण र विस्तार गरिने छ ।

८. रसायनिक मल विषादीका कारण मानव स्वास्थ्यमा परेको प्रतिकुल असरलाई न्यूनिकरण गर्न अर्गानिक खेतिको प्रवर्धन र विकासमा टेवा पुग्ने गरि अभियान सञ्चालन गरिने छ ।

९. सिंचाई सुविधा विस्तारका लागि श्रोतहरुको पहिचान तथा विकास गरिनेछ । सिंचाईको व्यवस्थापनका लागि प्लाष्टिक पोखरी, आकासे पानी सङ्कलन, स्प्रिकंल तथा थोपा सिंचाई जस्ता उपयुक्त प्रविधिहरुको विस्तार तथा प्रविधिहरुको हस्तान्तरण गरिनेछ । सार्वजनिक खुल्ला चौरहरुमा पोखरी निर्माण गरी बहुउपयोगमा ल्याइनेछ ।

१०. **"सिंचाईमा लगानी उत्पादनमा बृद्धि"** भन्ने नाराका साथ आ. व. २०८०/०८१ लाई सिँचाई वर्षको रुपमा मनाईने छ

११. कृषि सम्बन्धी विभिन्न दिवस, प्रदर्शनी, मेला तथा महोत्सवको कार्यक्रमलाई निरन्तरता दिइने छ ।

१२. पशुपन्छीको रोग पहिचान र उपचारका लागि भेटेनरी प्रयोगशालाको स्थापना गरिने छ । कृषि र पशु प्राविधिकहरुको दक्षता अभिवृद्धि गरि प्रविधिको प्रयोग मार्फत किसानलाई कार्यस्थलमै तत्काल सेवा प्रवाह गर्ने प्रबन्ध गरिने छ ।

१३. किसानको तथ्याँक संकलन गरि यसै आ. व. मा कृषक परिचयपत्र वितरण गरिने छ ।

१४. माटो परिक्षण कार्यलाई विस्तार गरि माटोको गुणस्तर सुधारमा आवश्यक अनुदानको व्यवस्थापन गरिने छ ।

१५. पशुजन्य उत्पादन प्रवर्द्धनका लागि नश्ल सुधार, कृतिम गर्भाधान, पशु आहार प्रवर्द्धन र पशुजन्य व्यवसायमा लागत न्युनिकरण गर्न यान्त्रीकरणमा जोड दिइने छ ।

१६. पशुपँक्षीमा विभिन्न समयमा देखा पर्ने सङ्क्रामक महामारी रोगहरूको पहिचान, रोकथाम तथा नियन्त्रणका लागि खोप तथा जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिने छ ।

१७. निजी क्षेत्रको सहकार्यमा पशु वधशालाको निर्माण गर्न उपयुक्त जमिन निजी क्षेत्रलाई लिजमा उपलब्ध गराइने छ ।

१८. **एक वडा एक उत्पादन कार्यक्रम** लाई प्राथमिकता दिई सघन कृषि उत्पादन प्रणालीको विकास गरिनेछ ।

१९. नगर क्षेत्रभित्र F. M. D., P.P.R., Rabies, H.S.B.Q लगायतका रोग तथा महामारी नियन्त्रणको लागि पूर्ण खोपयुक्त नगर बनाइने छ ।

२०. पशु स्वास्थ्यलाई मध्येनजर गरी पशु रोगको निदान र उपचारलाई प्राथमिकता दिइने छ । खोप, पशु चिकित्सा, औषधी, पोषणयुक्त आहारमा किसानको पहुँच वृद्धि गरिने छ । गोबर परिक्षण कार्यक्रम विस्तार गरिने छ ।

२१. कृषि तथा पशुपालनसम्बन्धी कार्यक्रममा ज्ञान, सीप, साधन, स्रोत र प्रविधिका क्षेत्रमा अभिवृद्धि गर्न गैरसरकारी सङ्घ, संस्था तथा सहकारीसँग सहकार्य र समन्वय गर्ने नीति अवलम्बन गरिने छ । पशुपालकहरुलाई प्रोत्साहन गर्न उत्कृष्ट किसान सम्मान कार्यक्रम सञ्चालन गरिनेछ ।

२२. नागरिक स्तरमा स्वरोजगार श्रृजना गर्न गरिबी न्युनीकरण गर्न सरकार तथा नीजि क्षेत्रसँग साक्षेदारीमा सीप तथा उद्यमशिलता तालिम अभियान सञ्चालन गरिनेछ ।

२३. लघु, घरेलु तथा साना उद्योगका उत्पादनहरुलाई बजारीकरणमा टेवा पुर्याउन सार्वजनिक निजी साझेदारीमा प्रदर्शनीस्थल सहितको विक्री केन्द्र सञ्चालनमा ल्याइनेछ ।

२४. वडामा समावेश गरिएका लक्षित वर्ग, आदीवासी, महिला, दलित, अपाङ्ग, युवा तथा पिछडीएका वर्गको लागि विनियोजन गरिएको रकमलाई लघु उद्यमको मार्फत कार्यक्रम सञ्चालन गर्न सहजिकरण गरिनेछ ।

२५. गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम मार्फत थप ८० जना नयाँ उद्यमी श्रृजना र ४० जना पुराना उद्यमीहरुको स्तरोन्नती गरिनेछ।

२६. लघु उद्यम विकास कार्यक्रम मार्फत प्रत्येक वडामा कम्तीमा ३ वटा उद्योग स्थापना गर्नमा जोड दिइनेछ।

२७. नगर बाहिरको सफल लघु उद्यमी र नगर भित्रको उद्यमी बीच अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने र सफल उद्यमीलाइ प्रोत्साहित गरिनेछ।

२८. नगर क्षेत्रका उद्यम व्यावसाय सम्बन्धी काम गर्ने सरकारी, गैरसरकारी, निजी क्षेत्र तथा विकास साझेदार, नागरिक समाज र संघ संस्थाहरु बीच कार्यगत सम्वन्ध स्थापित गरि उनीहरु बीच अनुकुलन वातावरण तयार गरिनेछ।

२९. प्लाष्टिक जन्य झोला बन्द गरी लघु उद्यमी मार्फत उत्पादन गरिएको फाइवर, कागज र कपडा झोला प्रयोग गर्नमा उद्यमी र व्यापारी बीच नगर स्तरीय अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ।

३०. स्थानीय उत्पादनहरुको प्रवर्द्धन गर्न होटल व्यवसायी संगको समन्वयमा उत्पादनको विवरण सहितको आकर्षक प्याकेजिङ्ग नमुना नगर क्षेत्रभित्रका होटलहरुमा राखी विक्री वितरण गर्ने व्यवस्था मिलाइने छ।

३१. बेरोजगारहरुको तथ्याँक तथा अभिलेख व्यवस्थित गरी एक बेरोजगार एक सीप प्रवर्द्धन गरी सार्वजनिक निर्माण कार्यमा निजहरुको आवद्धता बढाईनेछ।

३२. टोल विकास समितिलाई सशक्तीकरण गरी भौतिक पूर्वाधार निर्माणमा साझेदार संस्थाको रुपमा विकास गरिनेछ।

**(ग) शिक्षा, युवा तथा खेलकुद र व्यवसायिक तालिम**

१. प्रधानाध्यापकको आवधिक मुल्याङ्कन गर्ने र प्र. अ. सँग अन्य सबै शिक्षकहरुको करार सम्क्षौता गरी सिकाइ उपलब्धि अभिबृद्धि गरिनेछ।

२. विद्यार्थी सँख्या र भूगोलसमेतका आधारमा विद्यालयको समायोजन र दरबन्दी मिलानको कार्य गरिनेछ।

३. वालविकास केन्द्रका सहयोगी कार्यकर्ता र विद्यालय कर्मचारीहरुलाई न्यूनतम पारिश्रमिक उपलब्ध गराउन आवश्यक थप बजेटको सुनिश्चितता मिलाइनेछ।

४. आई. सि.टि. को विधिबाट क्याम्पस लगायत केहि विद्यालयहरुमा पठन पाठनको व्यवस्था मिलाइने छ।

५. नगर शिक्षा ऐन, नीति, कानुन तथा योजना निर्माणका लागि आवश्यक व्यवस्था यसै आ. व. मा सम्पन्न गरिनेछ।

६. स्वःउत्प्रेरित शिक्षकले मात्र सिकाउछन भन्ने यथार्थलाई आत्मसात गर्दै शिक्षकलाई स्वःउत्प्रेरणात्मक शैक्षिक जागरण कार्यक्रम सञ्चालन गरिनेछ।

७. शिक्षा क्षेत्रलाइ सर्वसुलभ गुणस्तरिय शिक्षाको अवधारणा बमोजिम अगाडी बढाइने छ। विद्यालय उमेर समुहका सबै बालबालिकाहरुलाई विद्यालयमा **"ल्याउने, सिकाउने र टिकाउने"** कार्यलाई प्रोत्साहनमुलक कार्यक्रम सहित अभियानका रुपमा सञ्चालन गरिनेछ।

८. गुणस्तरिय शिक्षामा पहुँच बृद्धि गर्न आधारभूत तहमा दलित, अल्पसंख्यक, लोपोन्मुख, आर्थिक रुपले विपन्न तथा अपाङ्गता भएका बालबालिकाका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

९. शिक्षा पेशालाई मर्यादित र आकर्षक बनाउन विशेष प्याकेजको व्यवस्था मिलाइनेछ। विषय र विद्यार्थी अनुपातको आधारमा शिक्षक दरबन्दी पुनरावलोकन गरी न्यूनतम शिक्षकको व्यवस्था गरिनेछ।

१०. माध्यमिक तहको विज्ञान, गणित र अंग्रेजी विषयको शिक्षक अभाव पूर्ति गर्न आवश्यकताको आधारमा दरबन्दी थप गरी शैक्षिक गुणस्तर सुधारमा सवलीकरण गरिनेछ।

११. युवाहरूको फिजिकल फिटनेसलाई ध्यान दिई प्रदेश सरकारको समन्वयमा नगरस्तरिय जिम क्लबको स्थापना गरिने छ।

१२. स्थानीय पाठ्यक्रमलाई कक्षा कोठामा सहजीकरण गर्न स्थानीय आवश्यकता अनुरुप व्यवहारिक र जीवनोपयोगी एवम् सान्दर्भिक शिक्षक निर्देशिकाको विकास गरिनेछ। स्थानीय पाठ्यक्रम मार्फत व्यवहारिक र जीवन उपयोगी शिक्षाको कार्यान्वयनमा विशेष जोड दिइनेछ।

१३. निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रयोगलाई सुदृढीकरण गरि नगरस्तरीय परिक्षालाई थप विश्वसनीय र प्रभावकारी बनाईने छ। मूल्याङ्कनको पद्दतिलाई शिक्षण सिकाई सुधारका लागि प्रयोग गरिने छ।

१४. नेतृत्वको सवलीकरण, शिक्षण सिकाई प्रकृयामा सुधार, पेशागत नैतिकताको प्रर्वद्धन र प्रविधिको उच्चतम प्रयोग गरी सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धि गरिनेछ।

१५. साक्षर तथा नव साक्षरलाई निरन्तर शिक्षा कक्षाको सञ्चालनका लागि सिकाई केन्द्रलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

१६. सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई प्रदान गरिने दिवाखाजालाई व्यवस्थित र गुणस्तरीय बनाइने छ।

१७. प्रारम्भिक बालविकास कक्षामा गुणस्तरीय सुनिश्चित गर्न बालमैत्री श्रृजना गरिने छ।

१८. नयाँ संस्थागत विद्यालय दर्ता प्रकृया बन्द गर्ने (विशेषखालको बाहेक) र न्यूनतम विद्यार्थी संख्या तथा संरचना नपुगेसम्म थप कक्षा सञ्चालनको अनुमती नदिने नीतिलाई निरन्तरता दिइने छ।

१९. सबै विद्यालयहरुमा स्वच्छ खानेपानी सुविधा सुनिश्चित गर्न विद्यालयहरुमा क्रमश: पानी फिल्ट्रेसन प्लान्ट जडान गरिने छ

२०. सबै विद्यालयहरुमा डिजीटल ई-हाजिरीको व्यवस्थापन गरि निरन्तरता दिइने छ।

२१. शैक्षिक संस्था भित्र मदिरापान र धुम्रपान तथा शैक्षिक संस्था वरिपरी मदिरा र जंकफुड विक्री वितरण गर्न पुर्ण रोक लगाइने छ। निजी विद्यालयहरुले नगर र वडाको समन्वयमा छात्रावृत्तीको व्यवस्था गर्नु पर्नेछ।

२२. पढ्दै कमाउदै कार्यक्रम सञ्चालन गरिनेछ।

२३. प्राविधिक शिक्षामा प्रोत्साहन तथा छात्राबृत्ती कार्यक्रम ल्याउनुका साथै प्राविधिक शिक्षालाई जोड दिइनेछ।

२४. शैक्षिक बेरोजगार युवाहरुलाई लक्षित गरी नगरपालिकाद्वारा लोकसेवा आयोगको तयारी कक्षा सञ्चालन गरिनेछ।

२५. देशको ४० प्रतिशत युवा जनसँख्यालाई दृष्टिगत गर्दै नगर क्षेत्रको आर्थिक समृद्धिमा युवाको योगदान अभिबृद्धि गर्ने नीति लिइनेछ। युवाको क्षमता विकास, युवा बहुप्रतिभाको पहिचान, युवा लक्षित जीवनोपयोगी, प्राविधिक र व्यावसायिक शिक्षा, युवामा सकारात्मक सोंचको विकास गर्दै स्वयंसेवी संस्कृतिको विकास र श्रमको सम्मान जस्ता क्रियाकलाप हरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रमसँग आवद्ध गर्दै युवालाई आत्मनिर्भर, स्वाबलम्बी र चरित्रवान बनाइनेछ।

२६. राष्ट्रीय/अन्तर्राष्ट्रीयस्तरको खेलाडी तयार गर्न खेलकुद विकासको लागि नगरस्तरीय खेलकुद परिषद् गठन गरिनेछ। परिषद् मार्फत खेलकुद विकासको कार्यक्रम सञ्चालन गरिनेछ।

२७. खेलकुदलाई राष्ट्रको पहिचान, गौरव र प्रतिष्ठा बढाउने माध्यमको रुपमा विकास गर्दै राष्ट्रीय स्तरका खेलकुद प्रतियोगिता आयोजना गर्न जोड दिइनेछ।

२८. खेलकुद विकासका लागि सघन रुपमा खेलकुद प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

**(घ) पूर्वाधार**

**खानेपानी तथा सरसफाई**

१ एक घर एक धारा नीति अनुरुप खानेपानीको पहुँच पुग्न नसकेका घरधुरीहरुमा यसै आ. व. मा खानेपानीको विस्तार गरिनेछ। जडान गरिएका धाराहरुलाई पक्की धाराको रुपमा विकसित गरिनेछ।

२ गुणस्तरीय खानेपानी वितरणको अवधारणालाई अवलम्वन गर्दै सञ्चालित सबै आयोजनाहरुको खानेपानी परीक्षण र शुद्धीकरण अभियानको रुपमा सञ्चालन गरिनेछ ।

३ नगर क्षेत्रभित्रका सबै खानेपानी आयोजनाहरुको संरक्षण, सञ्चालन, मर्मत संभार तथा महशुल व्यवस्थामा एकरुपता तथा प्रभावकारीताका लागि उपभोक्ता समितिहरुको एकल नगरस्तरीय बोर्ड गठन गर्न कानुनी प्रवन्ध गरिनेछ ।

४ बजार क्षेत्रको खानेपानी आयोजनाको विद्यमान संरचनाहरुको मर्मत संभार तथा दिगो व्यवस्थापन गर्न तथा बजार क्षेत्रमा रहेको खानेपानी आपूर्तिको न्युनतालाई कम गर्न थप सम्भावित श्रोतहरुको खोजि तथा उपयोग गर्न आवश्यक पहल गरिनेछ ।

**सडक पूर्वाधार**

५ हरिवन नगर केन्द्र र वडा केन्द्र जोड्ने सडकहरु तथा नगर क्षेत्रका अन्य सबै पक्की सडकहरु विग्रेको समयमा तत्काल मर्मत संभार गर्ने गरी आवश्यक व्यवस्था मिलाइनेछ ।

६ यस वर्षलाई **सडक सञ्जाल वर्ष**को रुपमा लिइ स्तरउन्नती भएका सडकहरुलाई कालोपत्रे, पक्की ढलान र स-साना शहरी बाटाहरुलाई ब्लक बिछयाउने कार्य गरिने छ ।

७ नगर क्षेत्रभित्र सञ्चालन हुने सबै प्रकारका पूर्वाधारजन्य तथा सामाजिक क्षेत्रका आयोजनाहरुको अभिलेख व्यवस्थापन गर्न एक स्थानीय आयोजना बैंकको सञ्चालन गरिनेछ । उक्त आयोजनाहरुको विस्तृत परियोजना प्रतिवेदनको आधारमा मात्र बजेट विनियोजन गर्ने व्यवस्थाको शुरुवात गरिनेछ ।

८ क्षतिग्रस्त वा संङ्कटासन्न ऐतिहासिक, पुरातात्त्विक तथा साँस्कृतिक, धार्मिक सम्पदाहरुको पुनर्निर्माणका लागि विकास साझेदारहरुसँग सहकार्य प्रवर्द्धन गरिनेछ ।

९ नगरक्षेत्रभित्रका सबै सडकहरुको निजी स्वामित्वको लगत कट्टा गरी सार्वजनिक स्वामित्व कायम गर्न पहल गरिनेछ ।

**अन्य पूर्वाधार निर्माण तर्फ**

१० नगरपालिकाको वडास्तरीय योजना कार्यान्वयनका लागि वडा तहमा प्रदान गरिँदै आएको वडास्तरीय बजेटको व्यवस्थालाई बढोत्तरी गरेको छु । जनसँख्या, भूगोल तथा राजस्व परिचालनको क्षमताको आधारमा उपलब्ध गराइने सुत्रमा आधारित बजेटमा थप गरेको छु ।

११ नगरकार्यपालिकाका सदस्यहरुको नागरिकसँगको सम्वन्ध स्थापित गर्न प्रत्येक सदस्यहरुको सिफारिसमा पूर्वाधारसँग सम्वन्धित एक/एक वटा योजना सञ्चालनको कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१२ पुननिर्माण गर्न बाँकी रहेका सार्वजनिक भवन संरचना निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

१३ नगरपालिकाको भौतिक एवंम् सामाजिक सेवालाई अपाङ्गमैत्री र बालमैत्री बनाउँदै लगिनेछ।

१४ नगरको विभिन्न स्थानमा चिल्ड्रेन पार्क, जेष्ठ नागरिक पार्क, पिकनिक स्पट, सुविधा सम्पन्न शौचालय बनाउन पहल गरिनेछ।

१५ जनयुद्ध र जनआन्दोलनमा सहादत प्राप्त गर्ने स्थानीय शहिदहरुको शालिक तथा पार्क निर्माणमा जोड दिइने छ।

**भवन, आवास तथा सहरी विकास**

१६ भवन निर्माण इजाजत प्रणालीलाई झण्झट रहित गराउन चालु आ. व. बाट अनलाइन भवन निर्माण इजाजत प्रणाली लागु गरिनेछ।

१७ साविक स्थानीय निकाय हुँदा बनेका निजी भवन संरचनाहरुलाई अनिवार्य अभिलेखिकरण गर्ने व्यवस्था मिलाइनेछ।

१८ नगरक्षेत्रको सम्पूर्ण जग्गाको बर्गिकरण कार्य सम्पन्न गरिएकोले आवास क्षेत्र भनि वर्गिकृत गरिएको जग्गामा मात्र भवन निर्माणको इजाजत प्रदान गरिनेछ। शहरी योजना, बस्ति विकास तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड परिमार्जन गरि लागु गरिनेछ।

१९ राष्ट्रीय भूमि आयोगको कार्यलाई तिव्रता दिइनेछ। भूमिहिन दलित, भूमिहिन सुकुम्वासी एंवम अव्यवस्थित बसोबासको समस्या समाधान गरिनेछ। ती समुदायको विकासका लागि एकिकृत विशेष कार्यक्रम लागु गरिनेछ।

२० चार फिट भन्दा अग्ला, भुकम्पीय दृष्टीले जोखिमयुक्त पर्खालहरु एवंम् कच्चा किसिमले निर्माण भएका पर्खाललाई भत्काउन लगाइनेछ। एक घर दुइ रुखको निती लिइनेछ। यसले हरियालीयुक्त हरिवन कायम राख्न मद्दत पुग्नेछ।

२१ प्रत्यक्ष रोजगारी श्रृजना गर्ने एक वडा एक आयोजना महिलाहरुकै सहभागितामा मात्र सञ्चालन गर्ने निती लिइनेछ।

२२ नगरपालिकाको औधोगिक ग्रामभित्र प्रदुषणरहित उद्योगहरु मात्र स्थापना गर्ने व्यवस्था मिलाइनेछ।

**पर्यटन विकास**

२३ नगरको साँस्कृतिक सम्पदाहरुको संरक्षण गर्न भाषा, कला, जात्रा, पर्वको संरक्षण व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ।

२४ नेपाली साँस्कृतिक सम्पदाहरुको अध्ययन, अनुसन्धान, संरक्षण, सम्वर्द्धन एंव पुस्तान्तरण गरी जीवन्तता दिइनेछ । ऐतिहासिक, पुरातात्विक स्थलहरुको अन्वेशण, उत्खनन् र संरक्षण कार्यलाई निरन्तरता दिइनेछ र हरिवनमा साँस्कृतिक भवन निर्माणमा जोड दिइने छ ।

२५ धार्मिक तथा साँस्कृतिक स्थलहरुलाई सुन्दर र आकर्षक बनाउन **"हाम्रो सम्पदा राम्रो सम्पदा"** कार्यक्रम सञ्चालनमा ल्याइनेछ । धार्मिक साँस्कृतिक परिपथको विकास गरी पर्यटन सञ्जाल विस्तार गरिनेछ ।

२६ अत्यावश्यक पूर्वाधारको विकास, सुरक्षा प्रवन्ध र नयाँ पर्यटकीय गन्तव्यहरुको विस्तारमा जोड दिइनेछ । आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धन अभियान सञ्चालन गरिनेछ ।

२७ नगर क्षेत्रभित्र रहेका सबै झरना, पोखरी, गुफा, ऐतिहासिक तथा धार्मिक महत्वका स्थलहरुको पहिचान गरि उक्त स्थलहरुको आवश्यक पूर्वाधारहरुको विकास गरिनेछ ।

२८ वडा नं. १ मा रहेको कैलाशपुरी महादेवको मन्दीर, वडा नं. ८ मा रहेको बनबाटिका, वडा नं ४ मा रहेको गणेश मन्दिर, वडा नं ६ मा रहेको बौद्ध गुम्वा र वडा नं. २ मा रहेको तुरतुरे झरनालाई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न आवश्यक पूर्वाधार निर्माण गरिनेछ ।

२९ हरिवन ४ को लखनदेही दक्षिण १०० बिघा जमिनमा डिपीआर सहितको साँस्कृतिक पर्यटन क्षेत्रको विकास गर्ने नीति लिइने छ ।

३० पर्यटन सम्वन्धी निर्माण भैसकेका पूर्वाधारहरुको संरक्षण संवर्धनका लागि आवश्यक बजेट व्यवस्थापन गरिनेछ ।

३१ निजी क्षेत्रको साझेदारीमा पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने गरी केबुलकार/जीपलाइन जस्ता प्रविधिको सञ्चालनको लागि सम्भाव्यता अध्ययनको कार्य गरिनेछ ।

३२ हरिवन नगरपालिकालाई धार्मिक सहिष्णुतायुक्त शहर निर्माण गर्न धार्मिक आस्थासँग जोडिएका मठ मन्दिर, गुम्वा, मस्जिद, चर्च निर्माण गरि अन्य आवश्यक प्रकृयाको थालनी गरिनेछ ।

३३ हरिवनको कैलाशपुरी, दनुवारी, घुर्कौली लगायतका स्थानहरुमा होमस्टे सञ्चालनमा प्रोत्साहन दिइने छ ।

**(ङ) वन , वतावरण, फोहोर मैला व्यवस्थापन र चुरे संङ्क्षण**

“स्वच्छ सुन्दर सफा हरिवन फोहोरको वैज्ञानिक व्यवस्थापन हाम्रो अभियान”

१ सरकारी, गैर सरकारी तथा निजीक्षेत्रको सहकार्यमा चालु आर्थिक वर्षमा कम्तिमा पाँच लाख बृक्षारोपण गरिनेछ। खाली पाखा तथा जमिनहरु साथै व्यक्तिगत जमिनहरुमा डाले घाँस, फलफुल तथा उच्च मुल्यका काष्ठजन्य प्रजातीको बृक्षारोपण गर्न प्रोत्साहन गरिनेछ।

२ वृक्षारोपण गरिएका बिरुवाहरुको संरक्षणको लागि आवश्यक पहल गरिनेछ।

३ सडक किनारा, सार्बजनिक जग्गा, नदी किनार, सरकारी कार्यालय तथा विद्यालय परिसरमा बृक्षारोपण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

४ फोहरलाई पुन: प्रयोग र प्रशोधन गर्न स्रोतमा नै बर्गिकरण गर्ने व्यवस्था मिलाइनेछ। कुहिने फोहरलाई घरमै मल बनाउन प्रोत्साहन गरिनेछ। फोहोरमैला संकलन गर्न आवश्यकताका आधारमा सबै वडाहरुमा संकलन सेवा विस्तार गरिनेछ। फोहोरमैला प्रशोधन केन्द्रको लागि आवश्यक पूर्वाधार निर्माण गरिनेछ।

५ वातावरण प्रतिकुल नहुने गरि नदीजन्य ढुंगा, गिटी, बालुवा संकलन र वितरण गर्न आवश्यक कानुनी व्यवस्था गरिनेछ। चुरे संरक्षण गर्दै वातावरणीय ह्रास नहुने गरी त्यस्ता खनिज वस्तुको उत्पादन र निर्यातको व्यवसायिक संभावना खोजिनेछ।

६ निजी वनको प्रवर्द्धनका लागि लागत साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ। संभाव्य वन क्षेत्रमा कृषि तथा फलफुल उत्पादनको प्रवर्द्धन गर्न एकिकृत कार्यक्रम सञ्चालनमा ल्याइने छ। कृषि, पशुपंक्षी तथा वनक्षेत्रको उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्न बाँझो जमिन तथा नदी उकास जग्गाको समेत उचित उपयोग हुने खालका कृषि कार्यक्रमहरु सञ्चालन गरिनेछ।

७ जलवायु परिवर्तनका असर र प्रभावलाई सामना गर्न उत्थानशिलता वृद्धि गरिनेछ। जलवायु अनुकुलन तथा विपद् व्यवस्थापनका क्रियाकलापलाई एकिकृत गरी जोखिम न्यूनिकरण तथा रोकथाम गरिनेछ। बाढी पहिरो लगायतका जलवायुजन्य जोखिममा रहेका बस्ती तथा विस्थापित परिवारलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिनेछ। विपद् व्यवस्थापनमा सूचना प्रविधिको प्रयोगलाई बढाउदै लगिनेछ।

८ नदी उकास जग्गामा भूमिहिन विपन्न वर्गलाई लक्षित गरि अन्य संघ संस्थाको समन्वयमा कृषि वन स्थापना तथा सञ्चालन गरिनेछ।

९ जडीबुटी खेतीको अनुसन्धान, व्यवसायिक उत्पादन, विस्तार, प्रशोधन र बजारीकरणलाइ प्रोत्साहन गरिनेछ।

१० सिमसार क्षेत्रको संरक्षण र व्यवस्थापन गरी स्वस्थ परिस्थितिकिय प्रणालीको विकास गरिनेछ।

११ फलफुल तथा अन्य काष्ठ प्रजातीको उन्नत जातको बोटबिरुवाहरु उत्पादन गर्नलाई हाइटेक नर्सरीको स्थापना गर्न पहल गरिनेछ।

१२ मौसम पुर्वानुमान केन्द्रको स्थापना गर्न पहल गरिनेछ।

१३ सामुदायिक विद्यालयहरुमा इको क्लव गठन गरी सो क्लव मार्फत कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ।

१४ जैविक तटबन्धको निर्माण गरी नदीनालाको कटान तथा भूक्षय रोकथाम गर्न पहल गरिनेछ।

१५ चुरे क्षेत्रमा जलाशय निर्माण, भूमिगत पुनर्भरण (Ground Water Recharge) गरी भूमिगत जलस्तर (Ground Water level) लाई उठाउने कार्यको लागि यथोचित बजेट विनियोजन गरिनेछ।

१६ हरिवन नगरपालिका भित्रको रिङ्गरोडमा प्राथमिकता दिइ ट्रि-गार्ड सहित बृक्षारोपण गरी स्वच्छता कायम गरिनेछ।

१७ वडा वडाबाट प्रचार प्रसार गरी निजी वन दर्ताको लागि पहल गरिनेछ।

१८ समृद्धिको लागि वन कार्यक्रम मार्फत कृषि वन स्थापना तथा सार्वजनिक जग्गाहरुको व्यवस्थापन गरिनेछ।

१९ खोला किनारमा ग्रिन बेल्ट (Green belt) को अवधारणा अनुरुप बाँस, अम्रिसो, भेटिभर लगायत अन्य प्रजातीहरुको बोटबिरुवा लगाइनेछ।

२० कृषि सिकाई केन्द्र हरेक वडामा स्थापना गर्न पहल गरिनेछ।

२१ सामुदायिक र साझेदारी वन व्यवस्थापनको लागि सम्वन्धित सरोकारवालासंग समन्वय गरी अगाडी बढने नीति लिइने छ।

२२ नगरभित्रका सार्वजनिक सडकहरुमा निर्माण सामाग्री लगायत अन्य वस्तुभाउ तथा अन्नपात राखी सडक अवरोध हुने कार्यलाई निरुत्साहित गरिने छ। साथै उक्त कार्य गरेको पाइएमा सम्वन्धित घर वा जग्गाधनीलाइ जरिवाना लगाइने छ।

**(च) न्याय सम्पादन, सार्वजनिक सेवा प्रवाहमा सुधार, सुशासन र सार्वजनिक खर्चमा वित्तीय अनुशासन तथा पारदर्शिता**

१ सेवामा नागरिकको अधिकार स्थापित गर्न क्षतिपूर्ति सहितको नागरिक बडापत्र लागू गर्न आवश्यक अध्ययन गरिनेछ।

२ सेवा प्रवाहका हरेक चरणमा प्रविधिको उपयोग तथा विस्तार गरी सेवा प्रवाहलाई सरलीकरण गरिनेछ । सेवाहरुलाई प्रथम चरणमा कम्प्युटर प्रविधिमा आधारित तथा दोश्रो चरणमा इन्टरनेटमा आधारित बनाई Digital Demand, Digitally Serve को नीति अवलम्वन गरिनेछ ।

३ नागरिकहरुलाई सर्वसुलभ रुपमा न्याय दिने परिकल्पना सहित गठन भएको न्यायिक समितिलाई क्षमता विकास तथा श्रोत साधन सम्पन्न बनाई प्रभावकारी रुपमा न्याय सम्पादन हुने गरी आवश्यक बन्दोबस्त गरिनेछ । न्यायिक समितिको कार्यमा सघाउने सामुदायिक मेलमिलापकर्ताहरुको क्षमता विकासका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

४ कर्मचारीहरुको कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागु गरिनेछ । कर्मचारीहरुको कार्य सम्पादन मुल्याङ्कन पद्धतीलाई प्रभावकारी र वैज्ञानिक बनाई सेवामुखी एंवम् जवाफदेही बनाइनेछ ।

५ राजस्व प्रशासनलाई थप सुदृढ र चुस्त बनाइनेछ । विधमान कर प्रणालीमा पुनरावलोकन गरिनेछ । राजस्वको दायरा विस्तार गरिनेछ । सबै प्रकारका आर्थिक क्रियाकलापलाई औपचारिक प्रणालीमा आवद्ध गरिनेछ ।

६ जनसरोकारका विषयलाई संबोधन गर्न हेलो हरिवन कार्यक्रम सञ्चालन गरिनेछ ।

७ नगरको विकासको लागि नगरस्तरीय मास्टर प्लान्ट र डिजीटल प्रोफाइल बनाउन यसै आ. व. मा शुरुवात गरिने छ ।

८ सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ, प्रतिष्पर्धी, समाबेशी र जनउत्तरदायी बनाइनेछ । सार्वजनिक प्रशासन संयन्त्रलाई छिटो छरितो र नतिजामुखी बनाउदैं काम गर्ने कर्मचारीलाई पुरस्कृत र प्रोत्साहन गरिनेछ ।

९ सार्वजनिक खर्चको विनियोजन दक्षता तथा कार्यान्वयन क्षमतामा सुधार गरिनेछ । खर्चमा मितव्ययिता कायम गरिनेछ । आर्थिक प्रशासनलाई थप पारदर्शी, नतिजामुखी र सूचना प्रविधिमा आधारित बनाइनेछ ।

१० आम नगरबासीलाई सेवा तथा सूचना दिने प्रयोजनका लागि सञ्चालित मोबाईलएप मार्फत् नगरपालिकाबाट प्रदान गरिने सेवा, सोको कार्य प्रकृया, सूचना तथा सार्वजनिक जानकारीका विषयहरु तथा नागरिकहरुको दैनिकीसँग जोडिएका विविध विषयहरु नगरबासीको हात हातमा पुर्याइनेछ ।

११ नगरपालिकाबाट उपलव्ध हुने सेवाहरु असहाय, अपाङ्ग, बृद्धबृद्धा एंवम् दृष्टिविहिनहरु लगायत सबै प्रकारका फरक शारीरिक क्षमताका नागरिकले प्राप्त गर्ने गरी नागरिकमैत्री वातावरणको व्यवस्था मिलाइने छ ।

१२ नगरभित्र रहेका कर योग्य क्षेत्रलाई करको दायरामा ल्याउने र करहरुलाई समयसापेक्ष बनाउदै करका दायरा फराकिलो बनाइनेछ । “**हाम्रो नगर हाम्रो कर समृद्ध बनाउने हाम्रो रहर**” भन्ने नाराका साथ कर सचेतना कार्यक्रम सञ्चालन गरिने

छ । कर तिर्न सक्ने क्षमतालाई ध्यानमा राखी रहरले कर तिर्न अभिप्रेरित गर्दै नगरको आन्तरिक आयमा बृद्धि गरिने छ । असल करदातालाई सम्मान गरिने छ ।

१३ वडा तथा नगरपालिकामा कार्यरत कर्मचारीको क्षमता विकास गर्न कार्य क्षमता तथा रुचीको आधारमा स्थानान्तरण तथा जिम्मेवारी हेरफेरको नीति अवलम्वन गरिनेछ ।

१४ नगरपालिकाको संस्थागत क्षमता अभिवृद्धि तथा मानव संसाधन विकासका लागि नगर क्षमता विकास योजना तर्जुमा गरि लागु गरिनेछ ।

१५ वडा कार्यालयलाई नागरिकहरुको पहिलो र नजिकको सरकारको रुपमा विकास गर्न भौतिक सुविधा सम्पन्न गरिदै लगिनेछ । नागरिक बडापत्रमा नियमित अद्यावधिक गरिनेछ । श्रव्यदृष्य माध्यमको उपयोग गरी नागरिकको सहज पहुँच स्थापित गरिनेछ ।

१६ कानूनमा आधारित स्थानीय शासनको प्रवर्द्धन गर्न स्थानीय सरकारको क्षेत्राधिकारभित्रका सबै विषय क्षेत्रका कानूनहरुको तर्जुमा गरिनेछ । विद्यमान कानूनहरुलाई अभ्यास र अनुभव समेतको आधारमा सामयिक परिमार्जन गरी समृद्ध बनाइनेछ ।

१७ कर प्रक्रियालाई सरलीकृत गर्दै सूचना प्रविधिको प्रयोग बढाई दक्ष र सुदृढ राजस्व प्रशासनको सुनिश्चितता गरिने छ ।

१८ आयोजना तथा कार्यक्रमहरुको सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण जस्ता कार्यहरुबाट पारदर्शिता एंवम् स्थानीय सुशासन कायम गरिनेछ । गुनासो सुन्ने र समाधान गर्ने परिपाटीको विकास गरिनेछ । सार्वजनिक खरिद प्रकृयालाई पारदर्शी र विश्वसनिय बनाईनेछ । विकास कार्यहरुको व्यवस्थित अनुगमन प्रणाली स्थापना गरी कार्यान्वयन गरिनेछ ।

१९ नगरको अर्थतन्त्रको यथार्थ चित्रण गर्न र आर्थिक विकासका क्रियाकलापहरुलाई लक्षोन्मुख गराउन हरिवन नगरको समग्र अर्थतन्त्र (Micro Economic Status) को अवस्था अध्ययन गरिनेछ । सोको आधारमा आर्थिक विकासका गतिविधिहरु निर्धारित गरिनेछ ।

२० सञ्चार तथा सूचना प्रविधिको प्रयोगमा आम नागरिकको पहुँच अभिबृद्धि गरिनेछ । शिक्षा, स्वास्थ्य, विकास निर्माण र सेवा प्रवाह लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रयोगलाई विस्तार गरिनेछ ।

२१ उपभोक्ता हित संरक्षण गरिनेछ । बजार अनुगमनलाई थप प्रभावकारी बनाइ मुल्य र गुणस्तरमा नठगिने वातावरण सुनिश्चित गरिनेछ ।

२२ उत्कृष्ट काम गर्ने निजामती कर्मचारी, प्रहरी, शिक्षक, स्वास्थ्यकर्मी र हरिवन नगरपालिकाको समृद्धिमा योगदान पुर्याउने व्यक्तीहरुलाई **हरिवन गौरव सेवा पदक**द्वारा सम्मान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ । ।

२३ नगरपालिकाबाट प्रवाह हुने सेवाको बारेमा जानकारी दिन हरेक वडामा कम्तीमा एक जना अवैतनिक नगर सेवा राजदुत नियुक्त गर्न पहल गरिनेछ ।

२४ नगरपालिका तथा वडा कार्यालयहरुमा आम नागरिकको गुनासो सम्बोधनको लागि गुनासो पेटिका राख्ने व्यवस्था गरिने छ ।

**(छ) महिला, बालबालिका, दलित अल्पसङ्ख्यक तथा जेष्ठ नागरिक सशक्तीकरण, क्षमता विकास**

१ संविधान प्रदत्त महिलाको हक सम्वन्धी विषयलाई प्राथमिकता दिदै महिलाको आर्थिक, राजनैतिक तथा सामाजिक शसक्तीकरणका क्रियाकलापहरु सञ्चालन गरिने छ ।

२ लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण सम्बन्धी नीति तर्जुमा गरी लैङ्गिक उत्तरदायी शासन पद्धती तथा समाबेशी विकासको अवधारणालाई अवलम्वन गरिने छ ।

३ महिला उद्यमशिलता विकासको क्षेत्रमा कार्यक्रमहरु सञ्चालन गरी व्यवसायीकरणको माध्यमबाट महिलाहरुको आर्थिक सशक्तीकरणमा जोड दिइनेछ ।

४ सरकारी सेवामा महिलाहरुको सहभागिता सुनिश्चित गर्न लोकसेवा आयोग तयारी कक्षाहरु सञ्चालन गरिने छ ।

५ **लैङ्गिक हिंसा नगरी समान व्यवहार गरौं, महिला पुरुष कोही पनि हिंसामा नपरौ** भन्ने नाराको साथमा लैङ्गिक हिँसा रोकथाम तथा न्यूनिकरणका क्रियाकलाप सञ्चालन गरिनेछ ।

६ महिला विरुद्ध हुने सबै किसिमका भेदभाव, कुरीती, हिंसा अन्त्य गर्न महिला जागरण तथा वित्तीय साक्षरता, कानूनी साक्षरता, सशक्तिकरणका कार्यक्रम वडातहबाट समेत सञ्चालन गरिने छ ।

७ लैङ्गिक हिँसा प्रभावित व्यक्तिलाई तत्काल उद्धार, पुनर्स्थापना, राहत, कानूनी परामर्श, न्याय निरुपण समेतका लागि सञ्चालित लैङ्गिक हिँसा निवारण कोषलाई निरन्तरता दिइनेछ ।

८ स्थानीय आमसञ्चार माध्यमहरुबाट महिला, बालबालिका, किशोर किशोरी, अपाङ्गता तथा जेष्ठ नागरिक लक्षित कार्यक्रमहरु सञ्चालनमा जोड दिइनेछ ।

९ अपाङ्गता भएका व्यक्तिको मर्यादित र आत्मनिर्भर जीवन निर्माणको लागि क्षमता विकासका कार्यक्रम, सहायता सामाग्री वितरण तथा समुदायमा आधारित पुनर्स्थापना कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१० दुई छोरा वा छोरी प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइने छ । महिला हिंसा तथा बालविवाहको अन्त्य गर्न आवश्यक कार्यक्रमहरू सञ्चालन गरिने छ । विद्यालय तह देखिनै किशोर किशोरी लक्षित प्रजनन स्वास्थ्य सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ ।

११ समाजमा रहेका कुरिती तथा कुप्रथा ( दाइजो, बोक्सी) न्यूनिकरणका लागि सरोकारवालाहरुसँग समन्वय गरी कार्यक्रमहरु सञ्चालन गरिने छ ।

१२ बालबिवाह, बालबालिकामाथि हुने दुर्व्यवहारहरु तथा जातीय विभेद न्यूनिकरणका लागि विद्यालय, विद्यार्थी, अभिभावक तथा सरोकारवालाहरुको संलग्नतामा आवश्यक कार्यक्रम सञ्चालन गरिने छ ।

१३ जेष्ठ नागरिक अन्तरपुस्ता सीप हस्तान्तरणको माध्यमबाट जेष्ठ नागरिकका ज्ञान, सिप र अनुभवलाई समृद्ध नगर निर्माणका लागि उपयोग गर्दै जेष्ठ नागरिकलाई अनुभवका खानी, जीउँदा इतिहास, जिवन्त पुस्तकालयको रुपमा सम्मान र संरक्षण प्रदान गरिनेछ ।

१४ लैङ्गीक समानता र महिला सशक्तिकरणको नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । नीति निर्माण तहमा अर्थपूर्ण सहभागिता र प्रतिनिधित्वलाई सुनिश्चित गर्दै नेतृत्व विकासमा जोड दिइनेछ । शिक्षा, स्वास्थ्य, रोजगारी, गरिवी निवारण, जीविकोपार्जनमा सुधार, सामाजिक सुरक्षा, पूर्वाधारमा पहुँच लगायतका विषयमा महिला लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

१५ गरिव तथा विपन्न, दलित, आदिवासी जनजाती, एकल तथा अपाङ्ग भएका महिला, हिंसापिडित, लैङ्गीक तथा यौनिक अल्पसंख्यक, एचआइभी संक्रमित र बञ्चितीमा पारेका सबै समुदायका महिला तथा किशोरीको आय आर्जन, क्षमता विकास र सशक्तीकरण गर्ने गरी आर्थिक सामाजिक विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

१६ महिला तथा किशोरी विरुद्ध हुने सबै प्रकारका हिंसा, विभेद र शोषणको अन्त्य गरिनेछ । वालविवाह, दाइजो, बोक्सी तथा छाउपडी लगायतका हानीकारक अभ्यासबाट मुक्त तुल्याइनेछ । बलात्कार, एसिड आक्रमण लगायतका हिंसापिडीत तथा प्रभावित महिलाको सुरक्षाका लागि राहत, उद्दार, पुनःस्थापना, निशुल्क कानुनी सहायता, मनोसामाजिक परामर्श, सीप विकास तथा आयआर्जन मुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१७ सबैखाले वालश्रम शोषणको अन्त्य गरिनेछ । बाल सुधार गृहहरुको भौतिक पूर्वाधार तथा संस्थागत क्षमता अभिबृद्धि गरिने छ । बालमैत्री पूर्वाधार निर्माण गर्दै लगिने छ । अनाथ, असहाय, टुहुरा, अपाङ्गता भएका व्यक्ती, अशक्त, वेवारिसे, हिंसापिडीत तथा सडक बालबालिकाको उद्दार, संरक्षण र पुन स्थापनाको लागि आपतकालिन बाल उद्दार कार्यक्रम सञ्चालन गरिनेछ ।

१८ अपाङ्गता भएका व्यक्तिको आर्थिक तथा सामाजिक सशक्तिकरणसंगै सहज र सम्मानपूर्ण जीवन सुनिश्चित गरिनेछ । उनीहरुलाई स्वरोजगार तथा रोजगारमुखी कार्यक्रम मार्फत आत्मनिर्भर बनाइनेछ ।

१९ जेष्ठ नागरिकको जीवन सम्मानित, सुरक्षित र व्यवस्थित बनाइ उनीहरुको ज्ञान, सीप र अनुभवलाई मुलुकको समृद्धिका लागि उपयोग गरिने छ। जेष्ठ नागरिकलाई स्वास्थ्य तथा अन्य सेवा सुविधामा छुट र सहुलियत प्रदान गरिनेछ।

२० मानव बेचविखन तथा ओसारपसारको जोखिममा रहेका समूह र समुदायको आर्थिक सामाजिक सशक्तिकरण गरिनेछ। सरोकारवाला निकाय तथा संघ संस्थासँगको समन्वयमा निरोधात्मक, संरक्षणात्मक र सचेतनामुलक कार्यक्रम संचालन गरि मानव बेचविखन तथा ओसारपसार नियन्त्रण गरिनेछ।

**(ज) सहकारी क्षेत्र**

१ सहकारी मार्फत वित्तिय सेवाको पहुँच विस्तारका लागि वित्तिय साक्षरता, सहकारी सदस्य शिक्षा तथा सहकारीको संस्थागत विकासका लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ।

२ बाँझो जग्गा जमिनहरु उपयोग हुने गरि सहकारी खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

३ युवाहरुलाई उनीहरुको शिप, ज्ञान तथा क्षमताको उपयोग हुने गरी उद्यम तथा स्वरोजगारीका लागि सहुलियतदरमा सहकारी मार्फत ऋण उपलव्ध गराउन पहल गरिनेछ।

४ उत्कृष्ट कार्य गरेका वा नमुना सहकारी संस्था छनौट गरि पुरस्कृत गर्ने व्यवस्था मिलाईने छ।

५ सहकारी संस्थाहरुको प्रभावकारी नियमन र अनुगमन, संस्थागत सुशासन, प्राप्ती तथा एकिकरण र बचत तथा लगानीको सदुपयोग र सुरक्षा गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

६ नेपाल सरकारबाट विकास भएको COPOMIS मा सम्पूर्ण सहकारीहरुलाई सामेल गराउन आवश्यक सहयोग एवंम सहजिकरण गरिने छ।

**(झ) सूचना, सञ्चार तथा प्रविधि**

१ नगरका संवेदनशिल क्षेत्रको सुरक्षाको लागि प्रभावकारी देखिएको सिसिटीभी क्यामरा थप स्थानहरुमा जडान गरी नागरिक सुरक्षा प्रणालीलाई थप व्यवस्थित गरिनेछ।

२ भवन इजाजत प्रणालीलाई झण्झट रहित बनाउन यसै बर्षबाट विद्युतीय भवन निर्माण इजाजत प्रणाली (EBPS) लागु गरिनेछ।

३ वडाबाट हुने सबै प्रकारका सिफारिसहरुमा एकरुपता ल्याउन सिफारीस व्यवस्थापन प्रणाली विकास गरी लागु गरिनेछ।

४ प्रशासनिक कार्यलाई कागजरहित बनाउन आवश्यक सूचना प्रविधि पूर्वाधार सहित सफ्टवेयर तथा मोबाइल एप्लिकेशनहरुको प्रयोगमा जोड दिने योजना अनुरुप यसै बर्ष देखि डिजीटल सिग्नेचरको प्रयोग गरिनेछ।

५ वडा कार्यालयहरुमा बडापत्र सहितको डिजीटल डिस्प्लेको व्यवस्था गरि नगरका सबै सूचना तथा जानकारीहरु एकै साथ सबै वडामा पुग्ने गरि सूचना प्रवाहको व्यवस्था मिलाइनेछ ।

६ सबै कर्मचारीहरुलाई सूचना प्रविधिमैत्री बनाउनको लागि सूचना प्रविधि सम्बन्धी प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

७ कार्यालयको सबै तथ्याङ्क विद्युतीय संग्रहणको लागि व्यवस्था गरिएको सर्भरको अपग्रेड डाटा व्याकअपको प्रवन्ध गर्ने तथा Cyber threats बाट बचाउनको लागि Firewall system, SSL Certificate को व्यवस्था गरिनेछ ।

८ कार्यालयमा प्रयोग भएका सबै सफ्टवेयरहरुलाई एकिकृत गरी सञ्चालनमा ल्याइने छ ।

**आदरणीय महानुभावहरू**

**अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयनका लागि बजेटको बाँडफाँड र श्रोत व्यवस्थापनको अनुमान यस सभा समक्ष पेश गर्ने अनुमती चाहन्छु ।**

यस हरिवन नगरपालिकाको सातौं नगरसभाबाट आ. व. २०८०/०८१ को लागि विनियोजन भएको अनुमानित कुल बजेट रु. ६२ करोड ९१ लाख ४७ हजार मध्ये नेपाल सरकारको संघीय बजेटबाट समानीकरण अनुदान, सशर्त अनुदान (चालु), सशर्त अनुदान (पूँजिगत), समपुरक अनुदान (पूँजिगत), विशेष अनुदान (पूँजिगत) गरि जम्मा रु. ४० करोड प्राप्त भएको छ । त्यस्तै संघीय राजस्व बाँडफाँडबाट रु. १० करोड ९३ लाख ७६ हजार, घरजग्गा रजिष्ट्रेशन शुल्क रु. ३ करोड, प्रदेश सरकारबाट प्राप्त हुने सवारी साधन कर रु. १ करोड र प्रदेश समानीकरण अनुदान रु. ९६ लाख ९८ हजार, प्रदेश समपुरक अनुदान रु. २० लाख, प्रदेश विशेष अनुदान रु. ३० लाख, आन्तरिक श्रोत रु. ४ करोड ५० लाख ७३ हजार र नगर विकास कोष ऋण अनुदान रु. २ करोड प्राप्त हुने अनुमानित गरिएको छ ।

नगरपालिकाको तर्फबाट नगरको सम्पूर्ण विकासका लागि मार्गदर्शनको रुपमा रहेको आ. व. २०८०/०८१ को वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग पुर्याउनु हुने सम्पूर्ण नगरवासी दाजुभाई तथा दिदीबहिनीहरुमा धन्यवाद दिन चाहन्छु । नीति तथा कार्यक्रम तर्जुमाका सिलसिलामा राजस्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, विषय क्षेत्रगत समितिहरु, बजेट तथा कार्यक्रम तर्जुमा समिति, कार्यपालिकाका सदस्यज्यूहरु, नगरपालिकाका कर्मचारीहरु, नगरसभाका सदस्यज्यूहरुको विकास प्रतिको एकता, संवेदनशिलता तथा क्षेत्रगत सूचनाको जानकारी, सहभागिता एंवम् पृष्ठपोषण हाम्रा लागि अत्यन्त महत्वपूर्ण रह्यो । नीति,

कार्यक्रम तथा बजेट तर्जुमामा प्रत्यक्ष अप्रत्यक्ष सघाउ पुर्याउनु हुने राजनीतिक दलहरु, सरकारी कार्यालय, गैर-सरकारी संघ संस्था, नागरिक समाज, उद्योगी व्यवसायी, बुद्धिजीवि, सञ्चारकर्मी साथै सम्पूर्ण कर्मचारी साथीहरु प्रति हार्दिक आभार ब्यक्त गर्न चाहन्छु । बार्षिक बजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्न जति सहज हुन्छ यसको कार्यान्वयन पक्ष महत्वपूर्ण हो । हामीले तर्जुमा गरेका कतिपय नीति तथा कार्यक्रमहरु सम्पादन गर्न सबैको सहकार्य, साझेदारी तथा रचनात्मक सहयोगको आवश्यकता पर्दछ । अतः यस अवसरमा हरिवन नगरपालिकाको विकासमा प्रभावकारी भुमिका खेल्न तथा सरकारी निकायहरु, निजी क्षेत्र, दातृ निकाय लगायत, अन्तर्राष्ट्यि संघ संस्थाहरु, गैर सरकारी संघ संस्थाहरु, टोल विकास संस्थाहरु तथा अन्य सम्पूर्ण सरोकारवालाहरुलाई यसै मञ्चबाट यसको प्रभावकारी कार्यान्वयनका लागि हार्दिक अपिल गर्न चाहन्छु ।

यस नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट हरिवन नगरपालिकाको समाबेशी र सन्तुलित विकासमा सघाउ पुग्ने, आर्थिक बृद्धिलाई मद्दत पुग्ने, रोजगारी अभिबृद्धि हुने र राजस्व अभिबृद्धि गर्न मद्दत पुग्ने विश्वास लिएको छु । नीति तथा योजनाको सफलता कार्यान्वयनमा भर पर्ने भएकाले यसका लागि सबै नगरसभा सदस्यहरु, नागरिक समाज, सरकारी एंवम् गैर सरकारी संस्थाहरु, कर्मचारी वर्ग एंवम आम नगरबासीको संयुक्त प्रयास आवश्यक हुन्छ । विगतमा झै नगरवासी र सबै सरोकारवालाबाट सहयोग प्राप्त भैरहने आशा एंवम् विश्वास लिएको छु ।

धन्यवाद ।

रमेश बुढाथोकी
नगर प्रमुख
हरिवन नगरपालिका
मितिः- २०८० असार २० गते बुधवार